**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्रीले हिज कोलकाताबाट वर्चुअल माध्यम द्वारा बिभिन्न महत्वपूर्ण रेल परियोजनाहरु राष्ट्रलाई समर्पित गर्नुभयो।
- पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले देशभरीका खुद्रा बिक्री केंद्र हरूमा पर्याप्त मात्रामा पेट्रोल र डिजेल उपलब्ध रहेको स्पष्ट पारेको छ।
- पश्चिम बंगालको मतदाता सूचीमा "तार्किक विसंगति" को श्रेणी अन्तर्गत चिन्ह लगाइएका मतदाताहरूसँग सम्बन्धित न्यायिक छानबिन प्रक्रियाको क्रममा अहिलेसम्म फैसला गरिएका मुद्दाहरूमध्ये लगभग ३४ प्रतिशत नाम मतदाता सूचीबाट हटाउन योग्य पाइएको छ।
- नेपाली चलचित्र 'शेप अफ मोमो' ले अन्तरराष्ट्रिय महोत्सव सर्किटमा आफ्नो सफल यात्रा जारी राखेको छ।
- मौसम विभागले आज पश्चिम बंगाल अनि सिक्किमका केहि स्थानहरुमा बिजुली चम्किने अनि तिब्र हावा चल्ने संभावना ब्येक्त गरेको छ।

**प्रधानमंत्री- रेल परियोजनाहरु**

प्रधानमंत्रीले हिज कोलकाताबाट वर्चुअल माध्यम द्वारा बिभिन्न महत्वपूर्ण रेल परियोजनाहरु राष्ट्रलाई समर्पित गर्नुभयो। यी परियोजनाहरु शुरू भएपछि रेल अवसंरचना, यात्री सुविधाहरु अनि क्षेत्रीय संपर्क बलियो हुने आशा ब्येक्त गरिन्दैछ। रेलवेले बताए अनुसार अमृत भारत स्टेशन योजना अंतर्गत पुनर्विकसित तमलुक रेलवे स्टेशन अनि हल्दिया रेलवे स्टेशनको उद्घाटन प्रधानमंत्रीले गर्नुभयो। यी स्टेशनहरुमा आधुनिक प्रतीक्षालय, असल यात्री सुविधाहरु , सुगम आवागमनको व्यवस्था अनि उन्नत संरचना विकसित गरिएको छ जसद्वारा यात्रिहरुलाई असल यात्रा अनुभव प्राप्त हुनेछ। प्रधानमन्त्रीले धेरै नयाँ राष्ट्रिय राजमार्ग परियोजनाहरूको शिलान्यास पनि गर्नुभयो, जसमा एनएच-116ए को 231 किलोमिटर चार लेनको खड़गपुर-मोरग्राम आर्थिक करिडोर खण्डका पाँच प्याकेजहरू सामेल छन्।यो परियोजना खड़गपुर र सिलगडी बीचको आर्थिक करिडोरको एक हिस्सा हो र पश्चिम बंगालको पश्चिम मेदिनीपुर, बांकुरा, हुगली, पूर्वी वर्धमान, वीरभूम र मुर्शिदाबाद जिल्लाहरू हुँदै जानेछ।

**ब्रिगेड परेड मैदान -प्रधानमंत्रीको रैली**

कोलकातामा हिज शनिवार ब्रिगेड परेड मैदानमा प्रधानमंत्री नरेंद्र मोदीको रैलीको तुरन्तै पछि राज्यमा सत्तारूढ़ पार्टी तृणमूल कांग्रेसका वरिष्ठ नेताहरुले तिखो प्रतिक्रिया दिंदै भारतीय जनता पार्टी (भाजपा) माथि हिंसा अनि तोड़फोड़को आरोप लगाएको छ। तृणमूल भवनमा आयोजित पत्रकार वार्तामा राज्यका शिक्षा मंत्री ब्रात्य बसु, मंत्री शशि पांजा तथा पार्टी सांसद सायोनी घोषले भाजपा कार्यकर्ताहरुको भूमिका माथि प्रश्न उठाएका छन्।शिक्षा मंत्री ब्रात्य बसुले प्रधानमंत्रीको भाषणको आलोचना गर्दै ब्रिगेडको सभामा अपनाईएको भाषाको प्रभाव गिरिश पार्कको घटनामा देखा परेको बताउनुभयो। मंत्री शशि पांजाको आवासमा जुन प्रकारने ढुंगा अनि बोतलको टुकडाहरु द्वारा आक्रमण गरियो त्यो अभूतपूर्व रहेको उहाले आरोप लगाउनुभयो। जब मुख्यमंत्री ममता बनर्जीले शांतिपूर्ण अनि धर्मनिरपेक्ष बंगालको संदेश दिईरहेका छन् यस्तो समयमा चुनाव पुर्व यस्तो प्रकारको घटनाहरु चिंताजनक रहेको उहाले अझ बताउनुभयो।

**एमओपीएनजी – पेट्रोल, डिजेल**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले देशभरीका खुद्रा बिक्री केंद्र हरूमा पर्याप्त मात्रामा पेट्रोल र डिजेल उपलब्ध रहेको स्पष्ट पारेको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै मन्त्रालयले तमिलनाडुमा एक खुद्रा विक्रेताले खुला कन्टेनरमा पेट्रोल बिक्री गरिरहेको जानकारी प्राप्त भएको उल्लेख गरेको छ। मन्त्रालयले उपभोक्ताहरूलाई खुला अथवा अनुपयुक्त कन्टेनरमा इन्धन खरिद अथवा अनावश्यक भण्डारण नगर्ने सल्लाह दिएको छ। मन्त्रालयले सम्बन्धित पेट्रोल पम्पलाई निलम्बन गरिएको र उचित कार्यवाही गरिएको बताएको छ। मन्त्रालयले कुनै पनि उल्लंघन विरुद्ध कडा कारबाही गरिने चेतावनी पनि दिएको छ।

**बंगालको मतदाता सूची**

पश्चिम बंगालको मतदाता सूचीमा "तार्किक विसंगति" को श्रेणी अन्तर्गत चिन्ह लगाइएका मतदाताहरूसँग सम्बन्धित न्यायिक छानबिन प्रक्रियाको क्रममा अहिलेसम्म फैसला गरिएका मुद्दाहरूमध्ये लगभग ३४ प्रतिशत नाम मतदाता सूचीबाट हटाउन योग्य पाइएको छ। राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालयका सुत्रहरू अनुसार, शुक्रबार रातिसम्म, न्यायिक जाँचको लागि पठाइएका कुल मुद्दाहरूमध्ये लगभग २५ प्रतिशतको फैसला भइसकेको छ। सूत्रले बताए अनुसार "तार्किक विसंगति" श्रेणी अन्तर्गत पहिचान गरिएका ६० लाखभन्दा बढी मुद्दाहरू न्यायिक जाँचको लागि पठाइएको थियो। यीमध्ये, लगभग १५ लाख मुद्दाहरूको छानबिन पूरा भएको छ, जुन कुल मुद्दाहरूको लगभग २५ प्रतिशत हो। यी १५ लाख मुद्दाहरूमध्ये, ५ लाख भन्दा बढी नामहरू मतदाता सूचीबाट हटाउन योग्य पाइएको थियो, जुन छानबिन सम्पन्न भएका मुद्दाहरूको लगभग ३४ प्रतिशत हो। यसको साथ, शुक्रबार रातिसम्म, मतदाता सूची बाट हटाइएका मतदाताहरूको कुल संख्या ६३ लाख पुगेको थियो। यसअघि, गत वर्षको डिसम्बरमा प्रकाशित मतदाता सूचीको मस्यौदामा "मृतक", "स्थानान्तरण", " डुप्लीकेट" र "हराएको" श्रेणीहरू अन्तर्गत ५९ लाख नामहरू हटाइसकिएको थियो। सर्वोच्च न्यायालयले जारी गरेको हालैको निर्देशन अनुसार नाम हटाइने मतदाताहरूलाई पुनरावेदन न्यायाधिकरणमा अपील दर्ता गर्ने अवसर दिइनेछ। यस सम्बन्धमा पहिलो पूरक सूची अर्को सप्ताहको सुरुमा जारी हुन सक्ने अपेक्षा गरिएको छ।

**सिक्किम फिल्म**

सिक्किको चलचित्र 'शेप अफ मोमो' ले अन्तरराष्ट्रिय महोत्सव सर्किटमा आफ्नो सफल यात्रा जारी राखेको छ। पुरस्कार विजेता सिक्किमका फिल्म निर्माता त्रिवेणी राईद्वारा निर्देशित यस नेपाली भाषाको फिल्मले विश्वभरिका दर्शकहरूलाई सिक्किम र यसको संस्कृतिसँग जोडिएको कथासँग निरन्तर परिचय गराइरहेको छ। 'शेप अफ मोमो' हालै इटालीमा सी-मुभिमा प्रदर्शित गरियो र यो चलचित्र साहित्य र समकालीन विचारलाई समर्पित महोत्सव हो। यसरी नै यस महिनाको अन्त्यमा यस चलचित्रले इटालीमा ३५औं अफ्रिकी, एसियाली र ल्याटिन अमेरिकी फिल्म महोत्सवमा पनि प्रतिस्पर्धा गर्नेछ, जहाँ यो 'विन्डोज अन द वर्ल्ड' फिचर फिल्म प्रतियोगिताको लागि छनोट भएको छ।हाल, निर्देशक त्रिवेणी राई र निर्माता गीता राई रूसको खान्टी-मानसिस्कमा 'स्पिरिट अफ फायर इन्टरनेशनल डेब्यू फिल्म फेस्टिवल' मा भाग लिइरहेका छन्, जुन विभिन्न राष्ट्रका उदीयमान निर्देशकहरूद्वारा डेब्यू फिल्महरूको लागि समर्पित छ।

**NHPC**

एनएचपीसी लिमिटेडको टिस्टा लो ड्याम–III पावर स्टेशन र कालिम्पोङको हिमालयन एन्टि एड्स एन्ड एन्टि–नार्कोटिक्स ड्रग्स सोसाइटी (H.A.N.D.S) बीच "शुद्धि" परियोजना सञ्चालनका लागि समझदारी पत्र (MoU) मा हस्ताक्षर भएको छ। कालेबुंगको छिबो बस्तीस्थित एच ए एन डी एस पुनर्वास केन्द्रमा सम्पन्न कार्यक्रममा एनएचपीसीका जी. एम. तथा परियोजना प्रमुख मनोज कुमार सिंह र एच ए एन डी एस-का परियोजना संयोजक नेरियस मुखियालगायत उपस्थित थिए।यस सम्झौता अन्तर्गत एनएचपीसीले २०२५–२६ का लागि सि एस आर कार्यक्रममार्फत ५ लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गर्नेछ, जसले लागूपदार्थ तथा मदिरा दुर्व्यसनबाट पीडित आर्थिक रूपमा कमजोर बिरामीहरूको उपचार र पुनर्वासमा सहयोग गर्ने लक्ष्य राखेको छ।

****** ० ******